**NH स्वास्थ्य तथा मानव सेवा विभाग (DHHS) ले आश्रित बालबालिका भएका परिवारहरूलाई गरीब परिवारहरूलाई आर्थिक सहयोग (FANF) कार्यक्रम मार्फत नगद भत्ताहरू प्रदान गर्दछ।**

FANF को लागि योग्य हुन तपाईं आश्रित बालबालिकाको साथमा NH मा बसेको हुनुपर्छ। बच्चा अभिभावकीय सहायता वा हेरचाहबाट वञ्चित भएको हुनुपर्छ। NH मा यसको अर्थ आमाबुवाको मृत्यु भएको छ, घर छोडेको छ, वा शारीरिक वा मानसिक अशक्त छ भन्ने लाग्छ। कार्यक्रमका लागि पूरा गर्नुपर्ने अन्य आवश्यकताहरू पनि छन्। तिनीहरूको तल व्याख्या गरिएको छ।

## म कसरी आवेदन दिन सक्छु?

आवेदन दिन सजिलो छ! तपाईं यसरी आवेदन दिन सक्नुहुन्छ:

- https://nheasy.nh.gov मा जानुहोस्, र अनलाई आवेदन भर्नुहोस्;
- तपाईं www.dhhs.nh.gov/dfa/apply.htm बाट आवेदन फाराम प्रिन्ट गर्न सक्नुहुन्छ। त्यसपछि पूरा भरेर हामीलाई पठाउनुहोस्; वा
- आवदेन दिन तपाईं आफ्नो स्थानीय DHHS जिल्ला कार्यालयमा सम्पर्क गर्न सक्नुहुन्छ।

तपाईंले आफ्नो अवस्था र आवश्यकताहरूको बारेमा पारिवारिक सेवा विशेषज्ञ (FSS) सँग पनि कुरा गर्नुपर्छ। यस अन्तर्वार्ताका दौरान, FSS ले तपाईंलाई कार्यक्रमका लागि आवश्यक पर्ने कुराहरूको बारेमा भन्नेछ। FSS ले तपाईंलाई तपाईंका भत्ताहरूका बारेमा पनि भन्नेछ।

तपाईंले आफ्नो FSS सँग कुरा गर्दा आफूसँगै आफ्ना परिवारका सबै सदस्यहरूको बारेमा निम्न जानकारीहरू लिएर जानुहोस्:

- घरको सबै आम्दानीको प्रमाण;
- नगद रकम, चल्ती तथा बचत खाताहरू, स्टक र बन्डहरूको बारेमा जानकारी;
- सर्टिफिकेट अफ डिपोजिट, घरका सदस्यहरूको स्वामित्वमा रहेका सबै सवारी-साधनहरूको स्वामित्व पत्र, र अन्य कुनैपनि आम्दानीहरू;
- सामाजिक सुरक्षा कार्डहरू यदि कुनै सदस्यसँग नम्बर छैन बने, उक्त व्यक्तिले सामाजिक सुरक्षा प्रशासनमा त्यसको लागि आवेदन दिनुपर्ने छ; र
- सम्बन्ध विच्छेद, संरक्षकत्व, वा बाल सहायताका बारेमा अदालतले दिएका आदेशहरू।

## मेरो नगद भत्ता कति हुनेछ?

हामी तपाईंको घरको मासिक आम्दानीलाई तपाईंको परिवारको आकारको लागि भुक्तानी मानदण्डसँग तुलना गर्दछौं। FANF का लागि योग्य हुन, कामबाट प्राप्त हुने तपाईंको कुल आम्दानी, 20% घटाउँदा, तपाईंसँग भएको कुनै अन्य आम्दानी (बाल सहायता सहित) लाई जोड्दा, केही खर्चहरू र अन्य कटेती रकमहरू (जस्तै तपाईंले काम गर्दा आफ्नो बच्चाको लागि तपाईंले गरेको भुक्तानी) घटाउँदा, तपाईंको परिवारको आकारको लागि भुक्तानी मानदण्ड भन्दा कम हुनुपर्छ।

यदि तपाईं यो पहिलो परीक्षामा सफल हुनुभयो भने, हामी कामबाट प्राप्त हुने कुनैपनि आम्दानीको 50% घटाएर तपाईंको आम्दानीलाई पुन: गणना गर्नेछौं। तपाईंको परिवारले मासिक नगद भत्ता कति प्राप्त गर्नेछ भनि निर्धारण गर्न तपाईंको बाँकी आम्दानीलाई पुन: तपाईंको परिवारको आकारको लागि भुक्तानी मानदण्डसँग तुलना गर्नेछौं।

FANF नगद भत्ताहरू महिनामा दुईपटक प्रदान गरिनेछन्। प्रत्येक भुक्तानी तपाईंको मासिक नगद भत्ताको आधा भागसँग बराबर हुनेछ।

तपाईंले आफ्नो नगद भत्तालाई खाना, वास, उपयोगीताहरू (बिजुली, पानी तथा टेलीफोन आदी), र लुगा-कपडाहरूका लागि भुक्तानी गर्न प्रयोग गर्नुहुनेछ भन्ने अपेक्षा गरिन्छ। तपाईं फुड स्ट्याम्प सुविधाहरू, मेडिकल सहायता, बाल स्याहार,वा आपतकालीन सहायतका लागि पनि योग्य हुन सक्नु हुनेछ।

## मलाई जागिर खोज्न मद्दत गर्नु मिल्नेछ?

मिल्नेछ! न्यू ह्याम्सायर रोजगार कार्यक्रम (NHEP), नामक हाम्रो कार्यक्रमको केन्द्र भनेको नै "काम पहिले" हो। यसको अर्थ प्रत्येक NHEP गतिविधिको एक लक्ष्य छ त्यो हो - रोजगार। हृष्ट-पुष्ट वयस्क मानिसहरूले नगद भत्ताहरू पाउन NHEP मा सहभागी हुनैपर्छ। NHEP ले हृष्ट-पुष्ट व्यसक मानिसहरूलाई रोजगार र प्रशिक्षण सेवाहरू प्रदान गरेर स्वावलम्बी हुन सहयोग गर्दछ। NHEP रोजगार परामर्शदाता विशेषज्ञहरू (ECS) ले तपाईंको जागिर खोज्ने र आत्म-निर्भर बन्ने प्रयासमा सघाउनेछन्। यदि तपाईंले NHEP मा सहभागी हुन आवश्यक छ भने, तपाईं सहभागी हुनैपर्छ। यदि तपाईंले त्यसको लागि अस्वीकार गर्नुभयो, वा उपयुक्त जागिर स्वीकार गर्न वा धारण गर्न अस्वीकार गर्नुभयो भने, तपाईंका नगद भत्ताहरू घटाइन सक्छ वा समाप्त नै हुनसक्छ। यदि तपाईंले सहभागी हुन आवश्यक छैन भने, तपाईंलाई स्वेच्छिक निर्णय गर्न भनिनेछ।

## मैले जागिर पायो भने के हुन्छ?

तपाईंले जागिर पाएकोमा वा आत्म-निर्भर भइरहेकोमा हामी तपाईंलाई पुरस्कृत गर्नेछौं। तपाईंले आर्जन गर्ने एक डलरका लागि, तपाईंको FANF नगद भत्ता केवल 50 सेन्टले मात्र घट्नेछ। तपाईंको आर्जनमा वृद्धि भएको कारणले यदि तपाईंको FANF नगद बन्द भयो भने, तपाईं 12 महिनाका लागि विस्तारित मेडिकल सहायता (EMA) तथा बाल स्याहार र फुड स्ट्याम्प सुविधाहरूका लागि अझै योग्य हुन सक्नुहुनेछ।

## यदि मैले काम गर्न सकेन भने के हुन्छ?

यदि तपाईं 16 देखि 60 वर्ष बीचको उमेरको हुनुहुन्छ भने, छुट नहुँदा सम्म तपाईं NHEP मा सहभागी हुनु हुनेछ भन्ने अपेक्षा गरिन्छ। निम्न अवस्थामा तपाईं NHEP बाट छुट पाउन सक्नुहुन्छ:

- यदि तपाईं 60 वा सोभन्दा बढी उमेरको हुनुहुन्छ भने;
- यदि तपाईं स्थायी शारीरिक वा मानसिक अपाङ्गताका कारण काम गर्न सक्नुहुन्न तथा तपाईं APTD, ANB, वा OAA राज्य कार्यक्रम अन्तर्गत SSI वा SSDI, नगद वा मेडिकल सहायता प्राप्त गरिरहनु भएको छ वा VA अपाङ्गता (80% रेटिङ वा सोभन्दा बढी) पाइरहनु भएको छ भने;
- यस्तो अवस्थामा कुनै अभिभावक छैन भने। यो तब मात्र हुन्छ यदि बच्चाको स्याहार तिनीहरूका लागि FANF प्राप्त नगर्ने नातेदार (आमाबुवा बाहेक) द्वारा स्याहार भइरहेको छ भने; वा
- NHEP मा सहभागी भएको एक वर्ष पछि, यदि तपाईंलाई रोजगारमा समाधान गर्नै नसकिने बाधाहरू आए भने।

## मेरो बच्चाको गैर-संरक्षकत्व अभिभावकबाट प्राप्त हुने सहायताको बारेमा के हुन्छ?

जब तपाईं FANF का केही निश्चित वर्गहरूका लागि आवेदन दिनुहुन्छ, त्यति बेला तपाईं DHHS लाई आफ्ना बाल स्याहार भुक्तानीहरूको अधिकार स्वत: प्रदान गर्नुहुन्छ। यसको मतलब तपाईंले DHHS लाई यी वर्गहरूको FANF प्राप्त गर्ने तपाईंको घरको कुनै व्यक्तिको तर्फबाट गरिने कुनैपनि बाल स्याहार पैसा भुक्तानी संकलन गर्ने तथा राख्ने अधिकार प्रदान गर्नुभएको छ। यदि तपाईं आर्थिक सहायताको लागि योग्य हुनुहुन्छ भने, गैर-संरक्षकत्व अभिभावकले आवश्यक बाल स्याहार भुक्तानीहरू गरेपनि वा नगरेपनि तपाईं आर्थिक सहायता प्राप्त गर्नु हुनेछ। तपाईंले आफ्नो कार्यकर्तालाई आफूले गैर-संरक्षकत्व अभिभावकबाट सिधै प्राप्त गर्ने कुनैपनि बाल स्याहार भुक्तानीहरूको बारेमा भन्नैपर्छ। यदि अन्य आम्दानी सम्मिलित तपाईंको बाल सहायता चेक रकम तपाईंको नगद भत्ताभन्दा बढी हुन्छ भने, तपाईंको भत्ता बन्द हुनेछ र सट्टामा तपाईंले बाल स्याहार भुक्तानीहरू प्राप्त गर्नु हुनेछ।

यसि तपाईं बाल सहायता पाउनुहुन्छ र यसको अधिकार DHHS लाई दिइएको छ तथा त्यसद्वारा राखिने गरिन्छ भने, योग्यता निर्धारण गर्न तपाईंको नगद भत्ता नभइ यसको प्रयोग गरिनेछ। यदि तपाईं आफ्नो नगद भत्ताको लागि अयोग्य हुनुभयो भने DHHS प्राप्त गर्ने कुनैपनि बाल सहायता तपाईंलाई पठाइनेछ।

DHHS ले तपाईंलाई बाल सहायाताको कानूनी आदेश प्राप्त गर्न, र आवश्यक भएमा, पितृत्व स्थापित गर्न सहयोग गर्नेछ। यदि बाल सहायताको लागि तपाईंसँग अदालतको आदेश छैन भने, तपाईंले गैर-संरक्षकत्व अभिभावक पहिचान गर्न तथा खोज्न कार्यकर्तासँग सहकार्य गर्नुपर्छ। यदि तपाईं आर्थिक सहायता प्राप्त गर्नुहुन्छ तर सहकार्य गर्नुहुन्न भने, तपाईंको नगद भत्ता घटाइनेछ वा समाप्त पनि हुनसक्छ।

यदि तपाईंसँग गैर-संरक्षकत्व अभिभावक पहिचान गर्न तथा खोज्न सहकार्य नगर्ने परिवार/घरेलु हिंसा जस्ता उपयुक्त कारक कारणहरू छन्, वा धर्म सन्तान ग्रहणको लागि तपाईंका कानूनी कार्यवाहीहरू विचाराधिन छन् भने, DHHS ले बाल सहायताको पछि नलाग्न वा तपाईंको नगद भत्ता नघटाउन सक्छ। तपाईंको कार्यकताले यसबारेमा तपाईंसँग कुरा गर्नेछ र बाल सहायता आवश्यकताहरूमा सहकार्य नगर्नुका उपयुक्त कारक कारणहरूको बारेमा स्पष्ट पार्नेछ।

## के म अन्य सहोग प्राप्त गर्न सक्छु?

तपाईं मेडिकल सहायता, फुड स्ट्याम्प सुविधाहरू, बाल स्याहार छात्रवृत्ति, वा आपतकालीन सहायता जस्ता अन्य DHHS कार्यक्रमहरूका लागि पनि योग्य हुन सक्नुहुन्छ। तपाईंको FSS ले तपाईंसँग कार्यक्रमहरूका बारेमा कुरा गर्ने छ र तिनीहरूका लागि आवेदन दिन तपाईंलाई सहयोग गर्नेछ।

## मेरा अधिकारहरू के-के हुन्?

तपाईंसँग निम्न कुराहरूको अधिकार छ:

- सहायताको लागि आवेदन दिने;
- सम्मानपूर्ण व्यवहार पाउने;
- यदि योग्य छ भने शीघ्र भुक्तानी पाउने;
- आफ्नो मुद्दामा गरिएको निर्णयको लिखित सूचना प्राप्त गर्ने, आफ्नो परिवार किन योग्य छैन सोको बारेमा जान्न पाउने;
- यदि DHHS को निर्णयसँग असन्तुष्ट हुँदा सम्मेलन र/वा प्रशासनिक अपिलका लागि आग्रह गर्ने, र उक्त सम्मेलन र/वा अपिलमा साथी वा अधिवक्ता ल्याउन पाउने;
- आफ्नो मुद्दाको रेकर्ड गोप्य राखिनुपर्ने; र
- आफ्नो नगद भत्ता कसरी प्रयोग गर्ने भन्ने बारे निर्णय गर्न पाउने। यदि तपाईं आफ्नो नगद अनुदान EBT कार्डबाट प्राप्त गर्न रोज्नुहुन्छ भने, तपाईं प्रतिबन्धित कारोबारमा आफ्नो EBT कार्ड, वा EBT कार्डबाट नगद प्रयोग गर्न सक्नुहुन्न, प्रतिबन्धित कारोबाहरू ती हुन् जसमा देखिने सामानको

50% भन्दा बढी अल्कोहल हुने, कुनैपनि गेमिङ स्थापना, वा ती कारोबारहरू जसमा बिक्री हुने वा भाडामा प्राप्त हुने देखिने सामानको 50% भन्दा बढी सामग्री RSA 650:1,III अनुसार वयस्क-लक्षित मनोरञ्जनका लागि हुन्। आफ्नो EBT कार्ड वा आफ्नो EBT कार्डबाट नगद प्रतिबन्धित कारोबारमा प्रयोग गर्नाले RSA 167:7-b र He-W PART 608 अनुसार नगद जरिवाना हुनेछ।

### प्रश्नहरू सोध्नुहोस्

यदि तपाईं सूचना र DHHS कार्यकर्तासँग सन्तुष्ट हुनुहुन्न भने, कृपया प्रश्नहरू सोध्नुहोस्। यदि तपाईं अझै सन्तुष्ट हुनुहुन्न वा बुझ्नु भएन भने, सुपरभाइजरलाई भेट्न आग्रह गर्नुहोस्। मद्दत तथा सहायता तपाईंको DHHS जिल्ला कार्यालयमा पाउन सकिन्छ। प्रश्नहरू सोध्न तथा कार्यक्रमका नियमहरू बारे थाहा पाउन कल गर्नुहोस्, पत्र लेख्नहोस्, हाम्रो वेबसाइट हेर्नुहोस्, वा कार्यलमा नै जानुहोस्।

### प्रशासनिक अपिलहरू

यदि तपाईं आफ्नो मुद्दामा लिइएको कदमसँग असहमत हुनुहुन्छ भने तपाईं आपिलका लागि आग्रह गर्न सक्नुहुन्छ। यसमा जागिर सम्बन्धी आवश्यकताहरू बारेका निर्णयहरू पर्दछन्। प्रशासनिक अपिलमा, तपाईं लिइएको कदमसँग किन असन्तुष्ट हुनुहुन्छ भन्ने कुरा अपिल अधिकारीलाई स्पष्ट पार्न सक्नुहुन्छ।

### भेदभाव

DHHS ले प्रत्येक मुद्दामा तथ्यहरूका आधारमा निर्णय लिने गर्दछ। यदि तपाईं आफूलाई उमेर, लिङ्ग, जाति, वर्ण, अपाङ्गता, राष्ट्रिय मूल, धर्म वा राजनैतिक आस्थाका आधारमा भेदाभव गरिएको छ भन्ने लाग्छ भने, NH DHHS लोकपाल, 129 प्लिजन्ट स्ट्रिट, कन्कर्ड, NH, 03301-3857; टेलीफोन (603) 271-6941 वा 1-800-852-3345, एक्स्टेन्शन 6941 मा सम्पर्क गर्नुहोस्। तपाईंले यसमा सम्पर्क गरेकै कारण तपाईंसँग बदला लिइने छैन।

### मेरा जिम्मेवारीहरू के-के हुन्?

### सत्य कुरा भन्ने

तपाईंले हामीले सोध्ने प्रश्नहरूको सही जवाफ दिनुपर्छ। तपाईंले हामीसँग जे भन्नु भएको छ सो कुरा सत्य हो वा होइन भनि सुनिश्चित गर्न हामी जाँच-पड्ताल गर्नेछौं। यदि तपाईंले हामीलाई सत्य भन्नु भएको रहेनछ भने, तपाईं सहायता प्राप्त गर्नुहुने छैन।

### प्रमाण उपलब्ध गराउने

तपाईंले तपाईंको परिवारले प्राप्त गर्ने आमदानीको राशि, तपाईंसँग भएको संसाधनहरूको मूल्य, तपाईंको घरको मूल्य, तपाईंको ठेगाना, तपाईंको पहिचान, तपाईंको नागरिकता स्थिति, र कुनै पनि अन्य कारणहरू जसले तपाईंको योग्यतालाई असर गर्नसक्छ वा तपाईंको रकम भत्ताको राशि बारे प्रमाण दिनुपर्छ।

### शिक्षित हुनुहोस्

हामीबाट प्राप्त गर्ने सबै सूचनाहरू तपाईंले पढ्नुपर्छ र ती सूचनाहरूमा दिइएको समय सीमा भित्र प्रतिक्रिया दिनुपर्छ। तपाईंले प्राप्त गर्ने सहयोगको कार्यक्रमहरूको लागि योग्यता आवश्यकताहरूको बारेमा जान्नु तपाईंको उत्तरदायित्व हो।

### कुनै पनि परिवर्तनहरू रिपोर्ट गर्नुहोस्

तपाईंको योग्यतालाई असर गर्न सक्ने कुनै पनि परिवर्तनहरूको बारेमा तपाईंले DHHS लाई तुरुन्त भन्नुपर्छ। यसले समावेश गर्छ:

- ठेगाना वा फोन नम्बरहरूको परिवर्तन;
- कमाई, सामाजिक सुरक्षा भत्ताहरू, वा बीमा भुक्तानीबाट पाएको रकम जस्ता तपाईंको परिवारको आम्दानी र सम्पत्तिमा परिवर्तनहरू।
- यदि बालबालिकाको आमाबुवा घर फर्कन्छन् वा काम गर्न सक्षम हुन्छन, वा कसैले घर छोड्छ, बिहे गर्छ, वा विद्यालय त्याग्छ जस्ता तपाईंको परिवारको स्थितिमा भएका परिवर्तनहरू।
- तपाईंले हामीलाई परिवर्तनहरूको बारेमा पनि भन्नुपर्छ जसले कामको आवश्यकतालाई प्रभाव पार्दछ।

तपाईंले यी परिवर्तनहरूलाई जति सक्दि छिटो रिपोर्ट गर्नुपर्छ, तर तिनीहरू घटेको 10 क्यालेन्डर दिन पछि होईन। रिपोर्टिङ गर्न ढिलाइ र परिवर्तनहरूलाई प्रमाणित गर्नाले तपाईंले प्राप्त गर्नु हुने भत्ताहरू वा सेवाहरूमा त्रुटि हुन सक्छ। ध्यान नदिएर तपाईंले दिनु भएको जानकारीमा तपाईंले गल्ति गर्नु भएको थियो, वा हामीलाई दिन असफल भएपनि तपाईंले त्रुटिको कारणले गर्दा प्राप्त गर्नु भएको कुनै पनि भत्ताहरू वा सेवाहरू फिर्ता गर्नुपर्छ।

### अधिक भुक्तानहरू तथा अल्प भुक्तानहरूको बारेमा के छ?

यदि कुनै कारणले गर्दा तपाईंले प्राप्त गर्नुपर्ने भन्दा बढि रकम तपाईंलाई दिइयो भने, तपाईंले प्राप्त नगर्नुपर्ने रकमको राशि तपाईंले फिर्ता गर्नुपर्छ। यदि अधिक भुक्तान DHHS को गल्तिले गर्दा भएको थियो भने पनि यो सही हो। यदि तपाईंले कहिल्यै पनि सोचेको भन्दा कम पाउनु भयो भने, तपाईंलाई दिईएको भन्दा अतिरिक्त रकम प्रदान गरिनेछ।

**<u>छलको लागि कडा सजायहरू छन!</u>**

यदि तपाईंले उद्देश्यपूर्ण तरिकाले गलत वा भ्रामक बयानहरू बनाउनु भयो, हस्ताक्षर गरेको लिखित बयानमा गलत जानकारी प्रदान गर्नुभयो, वा रकम वा उपचार भत्ता प्राप्त गर्नको लागि तपाईंको सही अवस्थाहरू रिपोर्ट गर्न असफल हुनुभयो भने, तपाईंलाई कानुनको पूर्ण सीमासम्म अभियोग लगाइनेछ। यदि तपाईंले दुई वा धेरै राज्यहरूमा एकै पटक सहायता पाउनको लागि ढाट्नु भयो भने, तपाईंले 10 वर्षको लागि सहयोग पाउन हुनेछैन।

### मैले थप जानकारी कसरी पाउँन सक्छु?

तपाईंलाई FANF को बारेमा साधारण जानकारी प्रदान गर्नको लागि यो पम्प्लेट डिजाइन गरिएको थियो। कृपया थप जानकारीको लागि आफ्नो स्थानीय DHHS जिल्ला कार्यालयमा सम्पर्क गर्नुहोस्।

| स्वास्थ्य तथा मानव सेवा विभागका जिल्ला कार्यालयहरू | |
|---|---|
| **BERLIN**<br>650 Main St., Ste. 200<br>Berlin, NH 03570-2496<br>603-752-7800 or<br>800-972-611 | **LITTLETON**<br>80 North Littleton Rd.<br>Littleton, NH 03561-3841<br>603-444-6786 or<br>800-552-8959 |
| **CLAREMONT**<br>17 Water St. Ste. 301<br>Claremont, NH 03743-2280<br>603-542-9544 or<br>800-982-1001 | **MANCHESTER**<br>1050 Perimeter Road, Suite 501 Manchester NH 03103-3303<br>603-668-2330 or<br>800-852-7493 |
| **CONCORD**<br>40 Terrill Park Dr. Concord, NH 03301-9955<br>603-271-6200 or<br>800-322-9191 | **ROCHESTER**<br>50 International Dr.<br>Portsmouth, NH<br>03801-2862<br>603-433-8300 or<br>800-821-0326 |
| **CONWAY**<br>73 Hobbs St<br>Conway, NH 03818-6188<br>603-447-3841 वा<br>800-552-4628 | **SEACOAST**<br>19 Rye St.<br>Portsmouth, NH 03801-2862<br>603-433-8300 or<br>800-821-0326 |
| **KEENE**<br>111 Key Road<br>Keene, NH 03431<br>603-357-3510 or<br>800-624-9700 | **SOUTHERN**<br>26 Whipple St.<br>Nashua, NH 03060-3213<br>603-883-7726 or<br>800-852-0632 |
| **LACONIA**<br>65 Beacon St. West<br>Laconia, NH 03246-9988<br>603-524-4485 वा<br>800-322-2121 | |

**TDD पहुँच: रिले NH 1-800-735-2964 वा 711**

DFA फाराम 77A(Ne)
12/14 rev 5/16 rev2 3/18 rev3 8/18
DFA SR 14-31

# गरीब परिवारहरूका लागि आर्थिक सहायता (FANF)

स्वास्थ्य तथा मानव सेवा विभाग
पारिवारिक सहायता शाखा
स्टेट अफिस पार्क साउथ

ब्राउन बिल्डिङ,
1050 Perimeter Rd, Suite 501
Manchester NH 03103-3303
www.dhhs.nh.gov/DFA